धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२२ ◆ २०८३ मंसिर १ मंगलबार ◆ Tuesday, November 17, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

दूधको मूल्य वृद्धि गर्न किसानको माग

❑ *प्रत्यूष समाचारदाता*

चितवन । किसानले दूधको मूल्य वृद्धि गर्न माग गरेका छन् ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घले बजारमा दानाको मूल्य वृद्धि भएसँगै दूधको मूल्य वृद्धि गर्न माग गरेका हुन् । सोमबार आयोजना गरिएको पत्रकार सम्मेलनमार्फत आयोजना गरी दूधको सङ्घका अध्यक्ष किशोर वगालेले दाना चोकरको मूल्य वृद्धि भएसँगे दूधको मूल्य वृद्धि बढाउनुपर्ने बताउनुभएको हो । उहाँले विसं २०७९ मा वृद्धि भएको दूधको मूल्य त्यसपछि वृद्धि नभएको बताउनुभयो ।

अहिले दूध उत्पादक किसानले प्रतिलिटिर चार फ्याट र आठ एचएनएफ भएको दूधको मूल्य रु ६५ पाउने गरेका छन् । यो मूल्यलाई बढाएर कच्चा दूध प्रतिलिटर रु ७५ पुर्याउनुपर्ने माग सङ्घले गरेको छ । दाना चोकरको मूल्य वृद्धि भएसँगै दूधको लागत मूल्यमा समेत वृद्धि भएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो "दसैँअघि देखि दूधको मूल्य वृद्धि गर्न माग गरिएकोमा अहिलेसम्म पनि वृद्धि हुन सकेको छैन ।" आफूहरुले दूधको मूल्य वृद्धिको माग गर्दै सरोकारवाला निकायमा भेट गरी मूल्य वृद्धिको माग गरेको बताउनुभयो । सामान्य अवस्थामा दूधको लागत मूल्य प्रतिलिटर रु ५५ देखि ६० पर्ने गरेको छ । अहिले दाना चोक्करको मूल्य बढेपछि लागत मूल्य पनि बढेको उहाँले जानकारी दिनुभयो ।

अहिले जिल्लामा दैनिक तीन लाख ५५ हजार लिटर दूध उत्पादन हुँदै आएको छ । उत्पादित दूधमध्ये ५५ प्रतिशत बाहिरी जिल्लामा जाने गरेको छ । जिल्लामा ११५ दुग्ध उत्पादक सहकारीमार्फत दूध सङ्कलन गरेर बजारमा पुर्याउँदै आएको छ ।

सार्वजनिक ऋणको ब्याज करिब एक खर्ब भुक्तानी

काठमाडौं । सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिना (असोज मसान्त) सम्ममा मुलुकमा सार्वजनिक ऋणको साँवा खर्च तथा ब्याज भुक्तानीमा रु ९८ अर्ब ८७ करोड ३५ लाख भुक्तानी गरेको छ ।

सरकारले यस शीर्षकमा चालु आर्थिक वर्षका लागि रु चार खर्ब १७ अर्ब ८८ करोड विनियोजन गरेकामा सो रकम तीन महिनामा भुक्तानी गरेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको हो । कार्यालयले चालु आर्थिक वर्षको असोज मसान्तसम्म अवधिमा दायित्व रु ३० खर्ब नौ अर्ब ११ करोड पुगेको जनाएको छ । सार्वजनिक ऋण सरकारको आम्दानी एवं दायित्वको स्रोत हो । सरकारले सार्वजनिक ऋणमार्फत विकास परियोजना तथा दैनिक कार्य सञ्चालनका लागि खर्च व्यवस्थापन गर्ने कार्यालयका अधिकृत कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो । उक्त कार्यालयले सार्वजनिक ऋणको लागत र वित्तीय जोखिम कम गर्दै ऋण दायित्वलाई दिगो रूपमा व्यवस्थापन गर्दै आएको छ । कूल सार्वजनिक ऋणमा २०८३ साउन १ गतेदेखि प्रथम त्रैमासिकको अवधिमा वैदेशिक ऋणको हिस्सा ५३.१३ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.८७ प्रतिशत रहेको छ । जुन कूल ग्राहस्थ्य उत्पादनको करिब ४६ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो । सार्वजनिक ऋण व्यवस्थापनमा ऋण उठाउने, ग्यारेन्टी गर्ने, ऋणको चुक्ता गर्ने एवं ऋणको पुन संरचनासँग सम्बन्धित कार्य पर्दछ । आन्तरिक ऋणलाई अल्प कालीन स्रोत मानिएको छ । यसअन्तर्गत ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक तथा वैदेशिक रोजगार बचतपत्रलाई लिइएको छ । दीर्घकालीन स्रोतका रूपमा बाह्य ऋणलाई लिने गरिन्छ । यसअन्तर्गत ऋण विश्व बैंक, एसियाली विकास बैंकलगायत अन्तरराष्ट्रिय सङ्घ संस्था तथा विदेशी सरकारबाट लिने गरिन्छ ।

कांग्रेसको हामी तयार छौं अभियान

पोखरा । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टीको आत्मसमीक्षा, विचार, दस्तावेज र सशक्त प्रतिपक्षी भूमिकाको स्पष्ट खाकासहित आगामी मङ्सिर १ गतेदेखि 'हामी तयार छौं' अभियान सुरु गर्न लागिएको जानकारी दिनुभएको छ । कांग्रेस गण्डकी प्रदेशले सोमबार पोखरामा आयोजना गरेको भेटघाट कार्यक्रममा उहाँले पार्टीका कमीकमजोरी सच्चाउँदै सशक्त रूपमा उभिन र सकारात्मक प्रतिपक्षको भूमिका निर्वाहका लागि योजना बनाउन 'हामी तयार छौं' अभियान सञ्चालन गर्न लागिएको बताउनुभयो ।

हल्ला र कानेखुसीले पार्टी कमजोर हुने भएकाले त्यसतर्फ नलाग्न पार्टीका नेता, कार्यकर्तालाई आग्रह गर्दै महामन्त्री पौडेलले पार्टीलाई सशक्त बनाउन आपसी सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिनुभयो ।

निकुञ्जदेखि विद्यालयसम्मका गुनासा

❑ *प्रत्यूष समाचारदाता*

हेटौंडा उपमहानगरपालिका-१३ का नागरिकले सोमबार यही मञ्चलाई आफ्ना समस्या सुनाउने अवसरका रूपमा प्रयोग गर्नुभयो । उहाँहरुले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, राजस्वदेखि निकुञ्ज र भूमिहीनको समस्यासम्मका सवाल उठाउनुभयो । त्यहाँ प्रश्न केवल गुनासो मात्रै थिएनन्, स्थानीय सरकारप्रतिको अपेक्षा र जवाफदेहिताको माग थियो ।

स्थानीय अगुवा बगानसिं थिङले सार्वजनिक सुनुवाइले नागरिकको आवाज सम्बन्धित निकायसम्म पुर्याउने बाटो खोलिदिएको बताउनुभयो । उहाँले स्थानीय सरकारलाई जवाफदेही बनाउन यस्ता कार्यक्रम उपयोगी हुने धारणा राख्नुभयो । "सार्वजनिक सुनुवाइबाट नागरिकले आफ्ना समस्या सम्बन्धित निकायसमक्ष प्रत्यक्ष राख्न पाएका छन् । यसले स्थानीय सरकारलाई नागरिकप्रति थप जवाफदेही बनाउन सहयोग गर्छ", थिङले भन्नुभयो । उहाँले वडाबाट सिफारिस भएका योजनामा आवश्यक बजेट विनियोजन गर्न उपमहानगरपालिकासँग आग्रह गर्नुभयो । विनियोजन भएको बजेट समयमै कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो ।

योजना कार्यान्वयनमा हुने ढिलाइबारे पनि उहाँले प्रश्न राख्नुभयो । कर्मचारी अभावका कारण काम रोकिएको हो कि ढिलासुस्तीका कारण काम अघि नबढेको हो भन्ने विषय स्पष्ट हुनुपर्ने उहाँले बताउनुभयो । कार्यालय समयमै कर्मचारी उपस्थित हुने व्यवस्था मिलाउन आग्रह गर्नुभयो । राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न नागरिकलाई उत्साहित बनाउने भूमिका वडा कार्यालयले निर्वाह गर्नुपर्ने उहाँले बताउनुभयो । यसमा उपमहानगरपालिका कार्यालय अग्रसर हुनुपर्ने उहाँको भनाइ थियो । वडामा सडक निर्माणको काम तीव्र हुनु सकारात्मक पक्ष भएको बताउँदै थिङले सडकको क्षेत्र र सीमाबारे नागरिकलाई स्पष्ट जानकारी गराउनुपर्ने धारणा राख्नुभयो । नागरिकलाई जानकारी दिएर विकास निर्माणका काम अघि बढाउनसके विवाद कम हुने उहाँले सुनाउनुभयो । सार्वजनिक सुनुवाइ को अर्को महत्वपूर्ण विषय शिक्षा बन्यो । तीनकुने टोल विकास संस्थाका सचिव जगनाथ पौडेलले विद्यार्थीलाई मात्र होइन, अभिभावक र समुदायलाई पनि शिक्षित बनाउनुपर्ने कुरा उठाउनुभयो । उहाँले वडाका नागरिकलाई नैतिक तथा अभिभावक शिक्षा दिने कार्यक्रम सञ्चालन गर्न आग्रह गर्नुभयो । "शिक्षाको गुणस्तर सुधार गर्न विद्यालयसँगै अभिभावकको भूमिका बलियो बनाउनुपर्छ । त्यसका लागि वडाले नैतिक तथा अभिभावक शिक्षा दिने कार्यक्रम ल्याउन आवश्यक छ", पौडेलले भन्नुभयो । कालिका आधारभूत विद्यालयका प्रधानाध्यापक रामकृष्ण न्यौपानेले विद्यालयमा शौचालय जस्तो आधारभूत सुविधा अभाव हुन नहुने बताउनुभयो । उहाँले शैक्षिक क्षेत्रको विकासमा जनप्रतिनिधिबाट आवश्यक सहयोग प्राप्त भइरहेको जानकारी गराउनुभयो ।

आधारभूत तथा माध्यमिक तहका विद्यार्थीलाई निःशुल्क शिक्षा दिने व्यवस्था भए पनि विद्यालयसँग पर्याप्त स्रोत नहुँदा केही रकम शुल्कका रूपमा लिनुपर्ने बाध्यता रहेको उहाँले सुनाउनुभयो ।

बाढी प्रभावित बस्तीको पुनःस्थापनाका लागि कानुन संशोधन गरिँदै

❑ *प्रत्यूष समाचारदाता*

अन्ताल्या (टर्किए) । सरकारले भोटेकोशी-त्रिशूली बाढीबाट प्रभावित बस्तीको पुनर्निर्माण तथा पुनः स्थापनालाई सुरक्षित, व्यवस्थित र स्थानीय सांस्कृतिक पहिचान अनुकूल बनाउन कानुनी तथा नीतिगत व्यवस्थाको संशोधन प्रक्रिया अघि बढाएको जनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी डा धर्मराज उप्रेतीले जनताको अपेक्षा अनुसार सांस्कृतिक पहिचानको सम्मान गर्दै पुनर्निर्माण र पुनःस्थापना गर्न ऐन, नियमावली तथा कार्यविधिमा संशोधनको काम थालिएको बताउनुभयो । टर्किएमा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-३१) अन्तर्गत आज नेपाल पेभिलियनमा आयोजित 'जलवायु परिवर्तन र मानव गतिशीलता: विपद्जन्य विस्थापन तथा योजनाबद्ध स्थानान्तरणको व्यवस्थापन' विषयक छलफलमा उहाँले बाढी प्रभावित क्षेत्रलाई जोखिममुक्त बनाउँदै विस्थापित समुदायको सुरक्षित पुनःस्थापनामा सरकार केन्द्रित रहेको जानकारी दिनुभयो । उहाँका अनुसार भोटेकोशी बाढीले छोएको तहसम्म पुनःबस्ती विकास नगर्ने नीति लिइएको छ । जोखिमयुक्त क्षेत्रलाई वनक्षेत्रका रूपमा संरक्षण गर्ने र त्यहाँका बासिन्दालाई सुरक्षित स्थानमा पुनःस्थापना गर्ने उद्देश्यले जग्गा प्राप्तिलगायतका प्रक्रिया अघि बढाइएको छ । भूकम्प र बाढीपछिको पुनर्निर्माण तथा पुनःस्थापनाबीचको भिन्नताबारे धारणा राख्दै डा उप्रेतीले भूकम्पपछि क्षति पुगेकै स्थानमा पुनर्निर्माण गर्न सकिने अवस्था रहे पनि बाढीले कतिपय घर तथा बस्ती नै बगाएका कारण सोही स्थानमा पुनर्निर्माण गर्नु जोखिमपूर्ण हुने बताउनुभयो । "भूकम्पपछि अपवादबाहेक घर ढलेको वा क्षति पुगेको स्थानमै पुनर्निर्माण गर्न सकिन्थ्यो ।

निर्माण सामग्री पनि केही हदसम्म पुनःप्रयोग गर्न सकिन्थ्यो । तर बाढीले कतिपय घर र बस्ती नै बगाएको छ, कतिपय घरको केही पनि बाँकी छैन", उहाँले भन्नुभयो । उहाँले बाढी प्रभावित क्षेत्रमा नै पुनर्निर्माण गर्दा थप जोखिम निम्तिन सक्ने र सुरक्षित स्थानमा स्थानान्तरण का लागि जग्गा प्राप्ति जटिल हुने भएकाले विद्यमान कानुनी व्यवस्था मा संशोधन आवश्यक भएको स्पष्ट पार्नुभयो ।

विपद्पछिको पुनःस्थापना केवल भौतिक संरचना निर्माणमा सीमित नराखी प्रभावित समुदायको सामाजिक तथा सांस्कृतिक पहिचान, जीविकोपार्जन र सुरक्षित बसोबासलाई ध्यान दिएर अघि बढाउनुपर्नेमा उहाँको जोड थियो । जलवायु परिवर्तनका कारण बढ्दै गएको विपद् जोखिम र त्यसबाट सिर्जना हुने विस्थापनको व्यवस्थापनमा योजनाबद्ध स्थानान्तरण लाई प्रभावकारी बनाउनुपर्ने विषयमा छलफल केन्द्रित थियो ।

सुदूरपश्चिमको उग्रतारा मन्दिरमा देहिजाँत मङ्सिर ८ गते लाग्ने

डडेल्धुरा । सुदूरपश्चिम प्रदेशको प्रसिद्ध शक्तिपीठ उग्रतारा भगवती मन्दिरमा हरेक वर्ष लाग्ने मेला 'देहिजाँत' आगामी मङ्सिर ८ गते लाग्ने भएको छ ।

हरेक वर्ष कार्तिक शुक्ल पूर्णिमाको रात (रतेडी) र दोस्रो दिन (दिउसेडी) मेला लाग्छ । मङ्सिर ७ गते रतेडी र ८ गते दिउसेडी लाग्ने उग्रतारा क्षेत्र विकास समितिले जनाएको छ ।

छचोडा, खनमडा, दुमडा र जिलोडा भ्राण (भण्डार) रहेको उग्रतारा भगवती मन्दिरमा यी चारवटै गाउँबाट रतेडी मेलामा बिहान 'देउरो' आएपछि 'दिउसेडी' मेला सुरु हुन्छ । डडेल्धुरा सदरमुकामबाट चार किलोमिटर टाढा अमरगढी नगरपालिका-८ को सुन्दर डाँडामा अवस्थित महाशक्ति पीठ उग्रतारा भगवतीको मन्दिरमा लाग्ने मेलामा हजारौँ दर्शनार्थी पूजा-आराधना गर्न पुग्छन् । देहिजातको रूपमा मानिने उग्रतारा भगवती मेलामा सुदूरपश्चिम प्रदेश, कर्णाली तथा छिमेकी देश भारतबाट समेत हजारौँको सङ्ख्यामा श्रद्धालु भक्तजन हरेक वर्ष पुग्ने गरेको उग्रतारा क्षेत्र विकास समितिका अध्यक्ष तेज बहादुर साँकीले जानकारी दिनुभयो ।

परम्परादेखि लाग्दै आएको यस मेलाको आफ्नो महत्व रहेको उहाँको भनाइ छ । भगवती माताको पूजा बिहान ४:०० बजे धार्मिक परम्परागत रूपमा दाइन दमाह, रुइसिङ्ग, विकुल, भोकर, शङ्ख, घण्टालगायत बाजागाजाका साथ चारवटै गाउँबाट माता भगवतीको डोलीसहित देउरो उग्रतारा मन्दिरमा पुगेसँगै भगवती माताको पूजा सुरु हुने साँकीले बताउनुभयो ।

"बिहानको पूजाआजा पछि दिउँसो भगवती माताको गाँज मन्दिरलगायत सयौं एकडमा फैलिएको मैदानको विषेश चार स्थानमा बाजागाँजाका साथ घुमाइन्छ । बिहान चार वटै गाउँको भ्रमणबाट ल्याइएको माताभगवतीको देउरो बेलुका पुनःचारवटै गाउँको भम्रणमा लगिमेला सम्पन्न हुन्छ", स्थानीय देवकी भट्टले भन्नुभयो ।

देहिजाँतको महत्व र रोचक जात्रा भनेको सुदूरपश्चिमको जनजीवन झल्किने विभिन्न दृश्य, इष्टमित्र, साथीसङ्गी तथा परिवार जनमा वर्ष दिन अथवा अपूर्व भेटघाट तथा दुःख सुख साटासाट, यहाँको लोकप्रिय खाना माँडा देहिजाँतमा देख्न पाइन्छ । स्थानीय लोपोन्मुख वस्तुको उत्पादनको बिक्री तथा प्रवर्द्धनका लागि पनि मेला प्रसिद्ध छ । हालको अमरगढी नगरपालिका लटाउली बस्ने साँकी जातिका स्थानीयले हलो जोत्दा हलोको फाली लागेर रगत बगेपछि देवी उत्पन्न भएर दर्शन दिएपछि त्यस दिनदेखि महागौरी दुर्गा र कालीको स्वरुपमा उग्रतारा भगवतीको पूजा गरिँदै आएको जनविश्वास रहेको समितिका अध्यक्ष साँकीले बताउनुभयो ।

सम्पादकीय ....

रास्वपा नेताहरूको विदेश भ्रमण फलदायी बन्ला ?

नेपालको राजनीतिमा नयाँ आशा र परिवर्तनको सन्देश बोकेर उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति आम नागरिकको ठूलो अपेक्षा छ । पुराना राजनीतिक दलहरूको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै नागरिकले नयाँ राजनीतिक शक्तिलाई विश्वास गरेका हुन् । यस्तो अवस्थामा रास्वपाका नेताहरूको विदेश भ्रमण र त्यसबाट प्राप्त हुने उपलब्धिबारे पनि नागरिकले चासो राख्नु स्वाभाविक हो ।

विदेश भ्रमण आफैंमा नराम्रो विषय होइन । विश्वका विभिन्न मुलुकमा भइरहेका विकास निर्माण, सुशासन, प्रविधि, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा आर्थिक समृद्धिका अभ्यासबाट सिक्नु आवश्यक छ । विकसित मुलुकहरूले कसरी विकासको गति अगाडि बढाए, सार्वजनिक सेवा कसरी प्रभावकारी बनाए र नागरिकलाई सहज जीवनयापनको वातावरण कसरी निर्माण गरे भन्ने कुरा अध्ययन गर्नु नेपालका लागि उपयोगी हुन सक्छ ।

विदेश भ्रमण केवल औपचारिक भेटघाट, स्वागत सत्कार, भाषण र तस्बिर खिचाउने कार्यक्रममा सीमित हुनु हुँदैन । भ्रमणबाट देशले के सिक्यो, नेपालमा त्यसको प्रयोग कसरी गर्न सकिन्छ र नागरिकले त्यसबाट के लाभ प्राप्त गर्छन् भन्ने विषय महत्वपूर्ण हुन्छ । भ्रमणपछि ठोस योजना र कार्यान्वयनको आधार तयार हुन सकेन भने त्यस्तो भ्रमणको औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक हो ।

रास्वपाका नेताहरूले विदेश भ्रमण गर्दा नेपालको वास्तविक आवश्यकतालाई प्राथमिकतामा राख्नुपर्छ । कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग, युवालाई रोजगारी, वैदेशिक लगानी आकर्षित गर्ने वातावरण, पर्यटन प्रवर्द्धन, शिक्षा र स्वास्थ्य सेवाको सुधारजस्ता विषयमा उपलब्धि हासिल गर्न सकिने सम्भावना खोज्नुपर्छ । विदेशमा रहेका नेपालीको समस्या, श्रमिकको सुरक्षा र उनीहरूको सीप तथा पुँजीलाई स्वदेशको विकासमा जोड्ने विषयमा पनि छलफल हुन आवश्यक छ ।

अर्कोतर्फ, देशभित्र बेरोजगारी, महँगी, भ्रष्टाचार, कमजोर पूर्वाधार र सुस्त विकास निर्माणका समस्या अझै समाधान हुन सकेका छैनन् । नागरिकले दैनिक जीवनमा भोगिरहेका समस्यालाई बेवास्ता गरेर विदेश भ्रमणलाई मात्र प्राथमिकता दिइयो भने जनतामा निराशा बढ्न सक्छ । त्यसैले भ्रमणको उद्देश्य, खर्च, उपलब्धि र त्यसबाट प्राप्त परिणामबारे नागरिकलाई स्पष्ट जानकारी दिनु आवश्यक छ ।

नयाँ राजनीतिक शक्तिका रूपमा रास्वपाले पुराना दलभन्दा फरक कार्यशैली प्रस्तुत गर्नुपर्ने चुनौती छ । पारदर्शिता, जवाफदेहिता र परिणाममुखी काम नै उसको राजनीतिक पहिचान बन्नुपर्छ । विदेशबाट सिकेका राम्रा अभ्यासलाई स्वदेशमा लागू गर्न सके मात्रै भ्रमणको सार्थकता पुष्टि हुनेछ । विदेश भ्रमणको सफलता कति देश घुमियो वा कति उच्चस्तरीय भेटघाट भयो भन्ने आधारमा होइन, देशले के उपलब्धि हासिल गऱ्यो भन्ने आधारमा मापन हुनुपर्छ । रास्वपाका नेताहरूले विदेश भ्रमणलाई व्यक्तिगत प्रचार वा औपचारिकताभन्दा राष्ट्रिय हित र विकाससँग जोड्न सके भने त्यो निश्चित रूपमा फलदायी बन्न सक्छ । अन्यथा विदेश भ्रमण पनि विगतका राजनीतिक दलहरूको औपचारिक भ्रमणकै निरन्तरता मात्र बन्नेछ । नागरिकले अब आश्वासन होइन, परिणाम खोजिरहेका छन् ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

चौंरीपालन अवस्था, चुनौती र सम्भावना

डा आलोक प्रसाई

नेपालको हिमाली क्षेत्रको अर्थतन्त्र, संस्कृति र जीविकोपार्जन प्रणालीसँग चौंरीपालन अभिन्न रूपमा जोडिएको छ । याक र स्थानीय गाईको संकरणबाट विकसित चौंरी उच्च हिमाली क्षेत्रका समुदायको प्रमुख आयास्रोत, पोषणको आधार तथा यातायातको माध्यमका रूपमा रहँदै आएको छ तर पछिल्लो समय जलवायु परिवर्तन, चरन क्षेत्रको विनास, युवा पुस्ताको वैदेशिक पलायन, उत्पादन लागत वृद्धि र बजार व्यस्थापनको कमजोरीका कारण चौंरीपालन व्यवसाय सङ्कटग्रस्त बन्दै गएको छ। चौंरीपालनलाई कृषि, पर्यटन र स्थानीय आर्थिक विकाससँग एकीकृत गर्नसकेमा नेपालको हिमाली क्षेत्रको दिगो विकासमा महत्वपूर्ण योगदान पुग्न सक्दछ । हिमाली जिल्लाको भरपर्दो विकासको आधार र पर्यटकीय आकर्षणको पहिचान, प्रवर्द्धन र बजारीकरणमा हिमाली गाईलाई महत्वपूर्ण माध्यमका रुपमा लिन सकिन्छ ।

नेपालको कूल भूभागको करिब ३५ प्रतिशत हिस्सा हिमाली तथा उच्च पहाडी क्षेत्रमा पर्दछ । यी क्षेत्रका वासिन्दाहरूको जीवन-यापन प्राकृतिक स्रोत र पशुपालनमा आधारित रहेको छ । त्यसमध्ये चौंरीपालन परम्परागत तथा आर्थिक दृष्टिले महत्वपूर्ण व्यवसाय मानिन्छ। चौंरी केवल दूध दिने घरपालुवा जनवार मात्र नभई हिमाली समुदायको सभ्यता, संस्कृति र अर्थतन्त्रको महत्वपूर्ण आधारसँग पनि जोडिएको छ । हिमाली समुदायले चौंरीबाट दूध, घ्यू, छुर्पी, दही, चिजलगायतका वस्तुको उत्पादन गर्दछन् । साथै, एक स्थानवाट अर्को स्थानसम्म सामान लैजानका लागि ढुवानी, पर्यटनका लागि दृष्या वलोकन तथा अध्ययन र कृषि कार्यमा समेत यसको उपयोग गर्दै आएको छ ।

बढ्दो सहरीकरण, आधुनिक जीवनशैली तथा वैदेशिक रोजगारीको प्रभावले चौंरीपालन व्यवसाय क्रमशः घट्दो अवस्थामा पुगेको छ। हिमाली बस्तीहरु बसाई सर्ने, सुविधाको खोजीमा अन्य क्षेत्रमा जाने, प्रतिस्पर्धात्मक चिन्तनबाट आफ्नो स्थान छाड्ने जस्ता विषयवस्तुको कारण गाउँ उजाड हुँदै गएको छ। गोठ तथा गोठालाको कमी, व्यवसायको हस, खरिदबिक्रीमा असहजता, पैठारीमा समस्या, विमाको समस्या, रोग तथा भैपरि आउने समस्याले यसको पालनमा ठूलो समस्या आएको देखिन्छ ।

चौंरीको विकासक्रम

चौंरीको विकासक्रम याक र स्थानीय गाईवीचको समिश्रणबाट उत्पन्न हुने प्रजाति चौंरी हो । हजारौं वर्षदेखि हिमाली क्षेत्रमा परम्परागत याक रहेको, यसको पालन हुँदै आएको विभिन्न तथ्याङ्कहरुले स्पष्ट पारेको छ । स्थानीय गाई र याकबीचको प्राकृतिक तथा नियमित सम्भोगबाट चौंरी जातिको विकास भएको मानिन्छ । नेपाल, तिब्बत, भूटान तथा भारतका विभिन्न प्रान्त सिक्किम, लद्दाख र अरूणान्चल प्रदेशमा चौंरीपालनको परम्परा विकसित भएको पाइन्छ । नेपालमा हिमाली जिल्लाहरुमा व्यावसायिक रुपमै चौंरीपालन भएको पाइन्छ । विशेषगरी कोशी प्रदेशका सोलुखुम्बु, भोजपुर, इलाम, ओखलढुङ्गा, पाँचथर, ताप्लेजुङ, सङ्खुवासभा, बागमती प्रदेशको दोलखा, सिन्धुपाल्चोक, रसुवा, रामेछाप, नुवाकोट, धादिङ गण्डकी प्रदेशको मुस्ताङ, मनाङ, गोरखा, कास्की, म्याग्दी, लमजुङ, लुम्बिनी प्रदेश रुकुम, कर्णाली प्रदेशको डोल्पा, हुम्ला, मुगु, जुम्ला, कालीकोट, सुदूरपश्चिम प्रदेशको दार्चुला, बझाङ, बाजुरा जिल्लाहरुमा पाइन्छन् । नेपालमा यसको सङ्ख्या करिब एक लाख रहेको छ भने सबैभन्दा धेरै कोशी प्रदेशमा रहेको देखिन्छ ।

याक, चौंरी, तोले र खच्चड हिमाली तथा उच्च पहाडी क्षेत्रका महत्वपूर्ण पशु हुन् । कतिपयलाई यी सबै एकै प्रजाति हुन् भन्ने भ्रम पनि हुनसक्छ तर यथार्थता भने यसको प्रजनन विकास भिन्नै प्रकारको रहेको छ । यिनीहरुको नाम, काम बसाइ, खुवाइ तथा उस्तै हावापानीमा रहने भएता पनि यसको पहिचान बिल्कुल फरक रहेको छ। याक शुद्ध हिमाली जात हो । यसमा कुनै मिस्रित अवस्था रहेको हुँदैन । याक तीन हजार मिटरभन्दा माथि उच्च हिमाली भागमा बस्ने जनावार हो । यसको दूध, मासुको उपभोगका साथै सामान ढुवानीमा पनि प्रयोग गरिन्छ। यसलाई चीन तथा तिब्बतसँग जोडिएका स्थानहरुमा निर्यात गर्ने र स्थानियको आयआर्जन सुधार ल्याउने साधनका रुपमा प्रयोग हुँदै आएको छ। याक सामान्यतया ३-४ वर्षको उमेरमा प्रजननयोग्य हुन्छ र वर्षमा प्रायः एक वटा बाच्छा जन्माउँछ। यसको गर्भधारण अवधि करिब २५५-२७० दिन हुन्छ र उचित व्यवस्थापनमा २०-२५ वर्षसम्म बाँच्न सक्छ। वयस्क भाले याकको तौल ३५०-६०० केजी तथा पोथीको २००-३५० केजीसम्म हुन्छ। यसको बजार मूल्य करिब रु एक लाखदेखि चार लाखसम्म पर्दछ ।

चौंरी (याक र स्थानीय गाईको मिस्रण) पनि प्रायः वर्षमा एक बाच्छा जन्माउने क्षमता राख्छ, यसको आयु १८-२५ वर्षसम्म हुन्छ र तौल २५०-४५० केजीसम्म पुग्न सक्छ। यसको मूल्य करिब रु एक लाखदेखि तीन लाखसम्म पर्दछ । तोले (चौरी र गाई वा चौरी वंशको अर्को प्रकार) आकारमा केही सानो हुन्छ, सामान्यतया २००-३५० केजी तौलको हुन्छ र राम्रो व्यवस्थापनमा १५-२० वर्षसम्म बाँच्न सक्छ । यसको प्रजनन क्षमता हुँदैन। यसको मूल्य करिब रु ७० हजारदेखि दुई लाखसम्म पर्दछ। खच्चड (घोडा र गधाको संयोग) भने प्रायः बाँझो हुने भएकाले प्रजनन गर्न सक्दैन । यसको आयु ३०-४० वर्षसम्म हुन सक्छ र तौल ३५०-५०० केजीसम्म हुन्छ । यसको मूल्य करिब रु एक लाखदेखि पाँच लाखसम्म पर्दछ ।

हिमाली क्षेत्रमा पालन गरिने यी सबै पशुहरूको मुख्य आहार प्राकृतिक घाँस, हिमाली चरन क्षेत्रका जडीबुटी, झाडीका कोपिला, घाँस, पराल तथा आवश्यक परेमा दाना र खनिज मिश्रण हुन् । यी घरपालुवा जनावारहरु कठिन हिमाली भौगोलिक अवस्थामा अनुकूलित भएकाले लामो दूरी हिँड्न र उकालो-ओरालो पार गर्न सक्षम हुन्छन् । याक र चौंरी सामान्यतया घण्टामा २०-३० किलोमिटरसम्म दौडन सक्छन् भने खच्चड ४०-५० किलोमिटर सम्मको गतिमा दौडन सक्ने र भारी सामान बोक्न अत्यन्त सक्षम हुन्छन् । वन्यजन्तु, विशेषगरी हिउँचितुवा, ब्वाँसो, भालु तथा जङ्गली कुकुरको आक्रमणबाट बचाउन चरन क्षेत्रमा गोठालोको नियमित निगरानी, तालिमप्राप्त रक्षात्मक कुकुरको प्रयोग, बलियो गोठ निर्माण, रातिको समयमा सुरक्षित घेराबार, समूहमा चराउने व्यवस्था तथा क्यामरा ट्यापिङ वा घण्टी जस्ता निगरानी उपकरणको प्रयोग प्रभावकारी मानिन्छ ।

चौंरीको दूधलाई प्रसस्त भिटामिन भएको तरल तथा खानाको रुपमा लिने गरिन्छ । विशेषतः चौंरीको दूधमा बोसो, प्रोटिन र क्याल्सियम बढी हुने गर्दछ। दूधबाट निकालिने घीउमा औषधिजन्य वस्तुको रुपमा प्रयोग गरिने र त्यसलाई सामाजिक तथा धार्मिक कार्यहरु: विवाह, भोज, पर्व, सामूहिक माहोत्सवहरुमा विशेष महत्वका साथ उपयोग गरिने चलन रहेको छ । यसको दूधबाट विभिन्न प्रकारका छुर्पीहरु पनि उत्पादन गरिन्छ । ती छुर्पी स्वदेशमा मात्र नभएर अमेरिका, युरोप, जापान तथा कोरिया लगायतका देशहरुमा पनि निर्यात हुने गर्दछ । यसबाट उत्पादन हुने चिज सामान्य घरपरिवारदेखि ठूला तारे होटलहरुमा पनि प्रयोग हुँदै आएको छ । विश्वका धेरै मुलुकहरुमा पनि यसको माग रहने गर्दछ । कति देशहरुमा छुर्पीलाई घरपालुवा कुकुरको खानामा समेत प्रयोग गर्नका लागि नै नेपालबाट पैठारी हुँदै आएको छ । चौंरीको गोबरलाई पनि जैविक मल तथा इन्धनका रुपमा प्रयोग गरिन्छ । चौंरी हिमाली जिल्लाको पहिचान तथा बहुउपयोगी वस्तु भएकै कारण यसलाई पर्यटकीय सम्पदासँग जोडेर पनि हेर्न सकिन्छ ।

चौंरीपालनका समस्यारू

नेपालमा वर्षौंदेखि चौंरी पालन हुँदै आएको भए पनि पछिल्लो समय यसप्रति किसानहरुको आकर्षण विस्तारै घट्दै गएको देखिन्छ । चौंरीपालनमा देखिएका समस्याहरु निम्न रहेका छन् :

जलवायु परिवर्तन : पृथ्वीको तापक्रम, वर्ष, हावापनी, तथा अन्य मौसमी अवस्थाहरुमा दीर्घकालीन रुपमा हुने परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ । यसको प्रमुख कारण तापक्रम हरित ग्यासको वृद्धि, वन विनाश, इन्धनको अत्यधिक प्रयोग तथा औद्योगिकीकरण हो । जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि, हिम नदी पग्लिनु, अनियमित वर्ष, वाढी, पहिरो, खडेरी तथा जैविक विविधतामा ठूलो प्रभाव पर्ने देखिन्छ ।

विदेशमा लगरेर बेच्ने कुनै सरकारी नियम नभएकाले बजारको पनि ठूलो समस्या देखापरेको छ । चौंरी गाई नेपालको हिमाली क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवन सँग जोडिएको अमूल्य सम्पदा हो । चौंरीपालनले हिमाली समुदायलाई खाद्य सुरक्षा, पोषण, रोजगारी तथा आयार्जन प्रदान गर्दै आएको छ । यद्यपि जलवायु परिवर्तन, चरन क्षेत्रको अभाव, बजार वस्थापनको कमजोरी र जनशक्ति पलायनले यस क्षेत्रलाई चुनौति पूर्ण अवस्थामा पुऱ्याएको छ । सङ्घ सरकार, प्रदेश र स्थानीय सरकार तथा निजी क्षेत्रबीच प्रभावकारी समन्वय गरी चौंरी पालनको आधुनिकीकरण, व्यावसायी करण तथा संरक्षण गर्न सकेमा यो व्यवसाय हिमाली क्षेत्रको दिगो आर्थिक विकासको आधार बन्न सक्छ। राष्ट्रिय चौंरी विकास नीति, खर्क संरक्षण तथा व्यवस्थापन, चौंरीजन्य उत्पादनको ब्रान्डिङ, पशु स्वास्थ्य सेवा, युवा लक्षित कार्यक्रम, चौंरी अनुसन्धान केन्द्र, पर्यटनसँग जोड्ने कार्यक्रम, राष्ट्रिय चौंरी महोत्सव, अनुदान जस्ता प्रवर्द्धनका कार्यक्रम आवश्यक रहेको छ ।

अपाङ्गता भएको व्यक्तीलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:

- शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
- निर्णय प्रकृयामा सहभागी गराऔं,
- सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं।



नेपाल सरकार,
विज्ञापन बोर्ड

खेलकुद र खेलाडीको वृत्तिविकासमा प्रदेश सरकार प्रतिबद्ध छः मुख्यमन्त्री भट्ट

सुदूरपश्चिम। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले खेलकुद क्षेत्र र प्रतिभावान् खेलाडीको वृत्तिविकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता छनोट खेलअन्तर्गत डडेल्धुरामा सञ्चालन भएको भलिबल प्रतियोगिताको समापन समारोहमा उहाँले सुदूरपश्चिमलाई खेलकुदको 'हब'का रूपमा विकास गर्न आवश्यक रहेको र त्यसका लागि सबैसँग सहकार्य गरिने बताउनुभयो।

सो क्रममा मुख्यमन्त्री भट्टले खेलकुदलाई मनोरञ्जन र प्रतिस्पर्धामा मात्र सीमित नराखी पर्यटन प्रवर्द्धन, आर्थिक समृद्धि र प्रदेशको पहिचान स्थापित गर्ने महत्वपूर्ण माध्यमका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले खेल पर्यटनको माध्यमबाट सुदूरपश्चिम लाई समृद्ध बनाउन योजनाबद्ध पहल र पूर्वाधार हरु निर्माणको आवश्यकता औँल्याउनुभयो।

मुख्यमन्त्री भट्टले विश्वका धेरै देश खेलकुद र खेलाडीका माध्यमबाट अन्तरराष्ट्रिय रूपमा परिचित भएको उदाहरण दिँदै सुदूर पश्चिमको पहिचान स्थापित गर्न यहाँका खेलाडीले महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो। उहाँले स्थानीयस्तरमा लुकेर रहेका प्रतिभाको पहिचान, विकास र प्रोत्साहन गर्नुपर्ने जोड दिनुभयो। "खेलाडीको क्षमता अभिवृद्धि, वृत्तिविकास, खेल पूर्वाधार निर्माण तथा खेलकुद क्षेत्रको संस्थागत विकासका लागि प्रदेश सरकारले आवश्यक सहयोग र सहकार्यमा कुनै कसर बाँकी राख्ने छैन। मिलेर खेल क्षेत्रको समग्र विकास गर्न हामी प्रतिबद्ध छौँ", मुख्यमन्त्री भट्टले भन्नुभयो।

दुई कैदीबन्दी पक्राउ

काठमाडौँ। केन्द्रीय कारागार सुन्धारा काठमाडौँबाट फरार भएका दुई जना कैदीबन्दीलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउपर्नेमा उदयपुरका सुरेन्द्र भुजेल र सिन्धुलीका भीमबहादुर वाइबा रहेका छन्। जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसार उनीहरू २०८२ भदौ २४ गते केन्द्रीय कारागार जगन्नाथ देवल, सुन्धाराबाट फरार भएका थिए। फरार कैदीबन्दीको खोज-तलास गर्ने क्रममा प्रहरी प्रभाग कोटेश्वरबाट खटिएको टोलीले उनीहरूलाई फेला पारी पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता दानबहादुर थापाले जानकारी दिनुभयो। पक्राउ परेका दुवै जनालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पुनः केन्द्रीय कारागार सुन्धारा पठाइएको प्रवक्ता थापाले बताउनुभयो।

दशौँ राष्ट्रिय खेलकुदको भलिबल छनोटमा बागलुङ र पर्वत च्याम्पियन

कास्की। आसन्न १०औँ राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेश स्तरीय महिला तथा पुरुष भलिबल छनोट प्रतियोगितामा पुरुषतर्फ बागलुङ र महिलातर्फ पर्वत विजयी भएका छन्।

गण्डकी प्रदेश भलिबल सङ्घ र प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजनामा पोखरा रङ्गशालास्थित भलिबल प्रशिक्षण केन्द्रमा सोमबार सम्पन्न फाइनल खेलमा पुरुषतर्फ बागलुङले स्याङ्जालाई तथा पर्वतले कास्कीलाई समान ३-१ को सेटमा पराजित गर्दै उपाधि जितेका हुन्।

पुरुषतर्फको फाइनलमा बागलुङले स्याङ्जालाई २५-२३, १८-२५, २५-१९ र २५-२१ को सेटमा हरायो। त्यसैगरी महिलातर्फ पर्वतले कास्कीलाई २५-२३, २५-१०, २१-२५ र २५-१७ को सेटमा पराजित गर्दै उपाधि हात पार्यो।

गण्डकी प्रदेश भलिबल सङ्घका अध्यक्ष लक्ष्मण श्रेष्ठका अनुसार छनोट प्रतियोगिताबाट १०औँ राष्ट्रिय खेलकुदमा सहभागी हुने प्रदेशका महिला तथा पुरुष खेलाडीको नाम सार्वजनिक गरिनेछ। "पुरुष तथा महिलाको छनोट प्रतियोगितामा खेलाडीले गरेको प्रदर्शनका आधारमा छनोट गर्नेछौँ। छनोट भएका खेलाडीलाई केही दिन बन्द प्रशिक्षणमा राखेर राष्ट्रिय खेलकुदमा सहभागी गराउने योजना छ", उहाँले भन्नुभयो। पोखरामा दुई दिनसम्म सञ्चालन भएको छनोट प्रतियोगितामा गण्डकीका नौ जिल्लाको सहभागिता थियो। छनोट प्रतियोगितामा घरेलु टोली कास्कीसहित, तनहुँ, गोरखा, बाग्लुङ, नवलपुर, पर्वत, म्याग्दी, मुस्ताङ र स्याङ्जा जिल्ला भलिबल सङ्घले प्रतिस्पर्धा गरेका थिए।

विमानस्थलबाट ६३५.८६ ग्राम सुनसहित चिनियाँ नागरिक पक्राउ

काठमाडौँ। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट ६३५ दशमलव ९६ ग्राम सुनजस्तो देखिने पहेँलो अर्धठोस पदार्थसहित एक जना चिनियाँ नागरिक पक्राउ परेका छन्। पक्राउ पर्नेमा चीनको ग्वाङडोङ स्थायी ठेगाना भएका ४२ वर्षीय झान गुओकिङ्ग रहेका विमानस्थल सुरक्षा कार्यालयका सहप्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिनुभयो। झान हङकङबाट क्याथे प्यासिफिक एयरलाइन्समार्फत काठमाडौँ आएका थिए।

शङ्कास्पद गतिविधिका आधारमा जाँच गर्ने क्रममा निजले लगाएको भित्री वस्त्रभित्र प्लास्टिकले बेरेर लुकाइराखेको अवस्थामा सुनजस्तो देखिने पहेँलो गोलाकार अर्धठोस पदार्थ फेला परेको थियो।

बाँके निकुञ्जमा पर्यटक भित्र्याउन विशेष प्याकेजको तयारी

बाँके। बाँके राष्ट्रिय निकुञ्जमा पर्यटक भित्र्याउन नेपालगन्ज र कोहलपुरका पाँचतारे होटेल सहितका केही होटेलले विशेष प्याकेज निर्माण गर्ने भएका छन्।

निकुञ्जमा पाँच जङ्गल सफारी रुट सञ्चालनमा आएसँगै पर्यटन प्रवर्द्धन र पर्यटकको बसाइ अवधि बढाउन बाँकेका तारे होटललगायत व्यवसायीले यस वर्षका लागि एकीकृत 'सफारी प्याकेज' निर्माणको पहल लिएका छन्।

निकुञ्जको प्राकृतिक सुन्दरता, जैविक विविधता र वन्यजन्तुलाई पर्यटकीय रूपमा विकास गर्ने उद्देश्यले नेपालगन्ज र कोहलपुरका होटल व्यवसायीले सरोकारवाला व्यवसायीसँगको सहकार्यमा सो प्याकेज निर्माण गरिएको नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँकेका अध्यक्ष डिल्लीराज रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार आन्तरिक पर्यटकलाई निकुञ्जमा भित्र्याउन का लागि ढकेरी वा गाभर भ्यालीलाई प्रमुख स्थान मानेर खाना र खाजासहित आन्तरिक पर्यटकका लागि रु दुई हजार ५०० र बाह्य पर्यटकका लागि रु तीन हजार प्रतिव्यक्ति शुल्क प्रस्ताव गरिएको छ।

बाँके राष्ट्रिय निकुञ्जका अधिकृत विज्ञान वलीले जङ्गल यात्राका लागि केही पर्यटक आए पनि उल्लेख्य सङ्ख्यामा पर्यटकको आगमन नभएको उल्लेख गर्दै होटेलका प्याकेजले प्रवर्द्धनमा सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले निकुञ्जका पाँचै वटा सफारी मार्ग सञ्चालनमा आएको जानकारी दिँदै बाघ, चौका, हात्ती, चराचुरुङी लगायत वन्यजन्तुको अवलोकन गर्न पाइने बताउनुभयो। कल्पतरु होटल, नेपालगन्जका जनरल म्यानेजर लक्ष्मण पन्थीले निकुञ्जलाई होटलको नियमित पर्यटकीय प्याकेजमा समावेश गर्न आफूहरू इच्छुक भए पनि वास्तविक लागत, व्यवस्थापनबारे अन्योल रहेको उल्लेख गर्नुभयो। उहाँले विशेष प्याकेजमार्फत सेवा उपलब्ध गराउने विषयमा स्पष्टता जरुरी रहेको बताउनुभयो। "शुल्क निर्धारणको विषय टुङ्गोमा पुगेको छैन तर यसको वर्कआउट भइरहेको छ", उहाँले भन्नुभयो। आन्तरिक तथा बाह्य पर्यटक, विशेषगरी भारतीय पर्यटकलाई लक्षित गरिएको प्रस्तावित प्याकेजमा होटलदेखि निकुञ्जसम्मको यातायात, अनुभवी प्रकृति पथप्रदर्शक, जिप सफारी, निकुञ्ज प्रवेश शुल्क र स्थानीय परिकारको स्वादलगायत सेवा रहनेछ।

खासगरी नेपालगन्ज र कोहलपुरका होटल सिद्धार्थ, होटल स्नेहा, होटल ग्यालेक्सी, सोल्टी वेस्टेन्ड प्रिमियर, होटल बाटिका, शुभ होटल, लीला प्यालेस र कल्पतरु होटललगायत तारे होटल यस प्याकेजमा सहभागी हुनेछन्।

होटल सिद्धार्थका जनरल म्यानेजर बद्री कोइरालाले पर्यटक लाई निकुञ्ज भ्रमणसँगै घरबासमा राख्न र उनीहरूको बसाइ अवधि बढाउनसक्ने योजना आवश्यक भएको धारणा व्यक्त गर्नुभयो।

उहाँले बाँके राष्ट्रिय निकुञ्जको शान्त वातावरण, चराचुरुङ्गी र प्राकृतिक सुन्दरताले आफूलाई आकर्षित गरेकोसमेत अनुभव सुनाउनुभयो। "पर्यटकलाई बाँकेमा कसरी लामो समयसम्म राख्न सकिन्छ भन्ने विषयमा नयाँ सम्भावना देखेका छौँ", म्यानेजर कोइरालाले भन्नुभयो।

होटल स्टार लाइटका फ्रन्ट अफिस म्यानेजर विनोद बूढाथोकीले बर्ड वाचिङ, फिस थेरापी, बोटिङ तथा चुरे हाइकिङ जस्ता गतिविधि निकुञ्जमा रहेको जानकारी दिँदै प्रकृतिमा रमाउन चाहने पर्यटकका लागि निकुञ्जमा धेरै सम्भावना रहेको बताउनुभयो। इहाँ चुरे पहाड, भावर क्षेत्र, ठूला रूख तथा विभिन्न जडीबुटीजन्य वनस्पति पाइने भएकाले प्रकृतिप्रेमी पर्यटकका लागि विशेष आकर्षण रहेको छ।

बाँके राष्ट्रिय निकुञ्ज पाटेबाघको संरक्षणका लागि स्थापना गरिएको हो। अहिले यहाँ ५१ वटा पाटेबाघ रहेको बताइन्छ। निकुञ्जमा लेजर प्रविधि तथा सिसिटिभीको सहायताबाट बाघ अनुगमन गरिँदै आएको छ। बाँके राष्ट्रिय निकुञ्जमा ३०० बढी प्रजातिका चराचुरुङ्गी, ५५ प्रजातिका माछा, २४ प्रजातिका सरीसृप, ३४ प्रजातिका स्तनधारी तथा नौ प्रजातिका उभयचर पाइन्छन्।

एनपिएल : बलिङमा नेपाली खेलाडीको दबदबा, ब्याटिङमा विदेशी अगाडि

काठमाडौँ। तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको लिग चरणमा नेपाली खेलाडीले बलिङतर्फ प्रभावशाली प्रदर्शन गरेका छन्।

सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा नेपाली बलरको उपस्थिति बलियो देखिँदा ब्याटिङतर्फ विदेशी खेलाडीले अग्रता बनाएका छन्। लिग चरणको प्रदर्शनलाई हेर्दा नेपाली बलरले विदेशी खेलाडीसँग प्रतिस्पर्धात्मक क्षमता प्रदर्शन गरेका छन्। सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा संयुक्त रूपमा शीर्ष स्थानमा रहेका चार खेलाडी मध्ये तीन नेपाली छन्। ब्याटिङतर्फ भने सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा विदेशी ब्याटर पहिलो स्थानमा रहँदा नेपाली खेलाडी दोस्रो र तेस्रो स्थानमा छन्।

बलिङमा नेपाली खेलाडी अगाडि

एनपिएलको लिग चरणमा सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा चितवन राइनोजका कमलसिंह ऐरी र रिजन ढकाल, जनकपुर बोल्ट्सका राहुल यादव र काठमाण्डु गोर्खाजका जहानदाद खान संयुक्त रूपमा शीर्ष स्थानमा छन्। उनीहरूले समान १२ विकेट लिएका छन्।

चितवनमा आबद्ध कमल ऐरीले छ खेलको पाँच इनिङमा पाँच दशमलव ७२ को इकोनोमी रेटमा १२ विकेट लिएका छन्। यस सिजनमा उनको उत्कृष्ट बलिङ २६ रन दिएर चार विकेट लिनु हो। यस्तै, चितवनमै आबद्ध रिजन ढकालले छ खेलमा १२ विकेट लिएका हुन्। यस संस्करणमा उनको उत्कृष्ट बलिङ प्रदर्शन २४ रन दिएर चार विकेट लिनु हो।

जनकपुरका राहुल यादवले सात खेलमा १२ विकेट लिएका हुन्। उनको उत्कृष्ट बलिङ प्रदर्शन ३१ रन दिएर चार विकेट लिनु रह्यो। यस्तै, काठमाण्डुमा आबद्ध पाकिस्तान का तीव्र गतिका बलर जहानदाद खानले सात खेलमा १२ विकेट हात पारे। उनले उत्कृष्ट प्रदर्शन गर्दै २३ रन दिएर चार विकेट लिएका थिए।

ब्याटिङमा विदेशीको अग्रता

बलिङमा नेपाली खेलाडीको प्रभाव देखिए पनि ब्याटिङतर्फ भने विदेशी खेलाडीले अग्रता बनाएका छन्। लिग चरण सकिँदा सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा पोखरा एभेन्जर्समा आबद्ध क्यानडाका ब्याटर युवराज सामरा शीर्ष स्थानमा छन्। उनले चार खेलमा २९४ रन बनाएका छन्। सामराले चार इनिङमा ब्याटिङ गर्दै ७३ दशमलव ५० को औसत र १७९ दशमलव २६ को स्ट्राइक रेट कायम गरेका छन्। उनको व्यक्तिगत उच्च स्कोर १०२ रन हो। युवराजले प्रतियोगिता मा एक शतक र दुई अर्धशतकीय पारी खेलेका छन्।

नेपाली ब्याटरमा यस एनपिएलमा विराटनगर किङ्समा आबद्ध लोकेश बम सर्वाधिक सफल देखिएका छन्। उनी समग्र सूचीमा दोस्रो स्थानमा छन्। लोकेशले सात खेलमा २४२ रन बनाएका छन्। उनको उच्च स्कोर ८७ रन हो।

लोकेशले यसपालि दुई अर्धशतकीय पारी खेलेका छन्। ३४ दशमलव ५७ को औसतमा रन बनाएका उनको स्ट्राइक रेट १४२ दशमलव ३५ रहेको छ।

यस्तै, पोखरा एभेन्जर्सका कुशल भुर्तेल २३५ रनसहित तेस्रो स्थानमा छन्। उनले सात खेलमा ३३ दशमलव ५७ को औसत र १४८ दशमलव ७३ को स्ट्राइक रेटमा रन बनाएका छन्। उनको व्यक्तिगत उच्च स्कोर ९९ रन हो। शतकको नजिक पुगेर चुकेका कुशलले प्रतियोगितामा दुई अर्धशतक पारी खेलेका छन्। यस्तै, काठमाण्डु गोर्खाजमा आबद्ध राशिद खानले सात खेलमा १८६ रन बनाएका छन्। उनको औसत ३७ दशमलव २० र स्ट्राइक रेट १४१ दशमलव ९८ रहेको छ।

राशिदले यस संस्करणको एनपिएलमा दुई अर्धशतक पारी खेलेका छन्।

यस्तै, चितवन राइनोजमा आबद्ध इङ्ल्याण्डका रवि बोपाराले पाँच खेलमा १८४ रन जोडेका छन्। कूल ४६ को औसतमा ब्याटिङ गरेका उनले एक अर्धशतकीय पारी खेलेका छन्। रविको उच्च स्कोर ५५ रन रहेको छ।

लिग चरणको ब्याटिङ तथ्याङ्कमा विदेशी र नेपाली खेलाडीबीचको अन्तर शतकको मामिलामा पनि देखिएको छ। सर्वाधिक रनकर्ताको सूचीमा शीर्ष स्थानमा रहेका युवराज सामराले शतक प्रहार गर्दा नेपाली ब्याटर भने उक्त उपलब्धिबाट टाढा छन्।

लोकेश बम ८७ रन र कुशल भुर्तेल ९९ रनसम्म पुगेर पनि शतक बनाउन असफल भएका छन्। व्यक्तिगत रूपमा राम्रो सुरुआत भए पनि त्यसलाई ठूलो स्कोरमा परिणत गर्नुपर्ने चुनौती नेपाली ब्याटरका अगाडि देखिएको छ।

संस्कृति राष्ट्रको पहिचान र सभ्यताको जीवन्त दस्तावेज हो

काठमाडौँ। नेपालको कला, संस्कृति र सम्पदा राष्ट्रको पहिचान र सभ्यताको जीवन्त दस्तावेज हुन्।

नेपाल हस्तकला महा-सङ्घका पूर्वअध्यक्ष ईन्द्रबहादुर शाक्यद्वारा लिखित 'नेपालको कला, संस्कृति, चाडपर्व, जात्रा र सम्पदाको सङ्गह' को सोमबार विमोचन गर्दै नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले कला, संस्कृति र सम्पदा राष्ट्रको पहिचान र सभ्यताको जीवन्त दस्तावेज भएका बताउनुभएको हो।

उहाँले नेपालको कला, संस्कृति, इतिहास र सम्पदा संरक्षणलाई राष्ट्रिय पहिचान, सामाजिक एकता तथा आर्थिक विकाससँग जोडेर अघि बढाउनुपर्ने बताउनुभयो। उहाँले यस्ता विषयमा अनुसन्धान, अभिलेखीकरण र वैज्ञानिक अध्ययनमार्फत भावी पुस्ताका लागि ज्ञान हस्तान्तरण गर्नु आवश्यक रहेको उल्लेख गर्नुभयो।

काठमाडौँ उपत्यकाका जात्रा तथा पर्वहरू प्राचीन सभ्यता, धार्मिक आस्था, सामुदायिक एकता, सामाजिक सङ्गठन र परम्परागत सीप तथा शिल्पकलाका महत्वपूर्ण परिचायक रहेको अध्यक्ष अग्रवालको भनाइ छ। उहाँले तीव्र सहरीकरण, अव्यवस्थित विकास, जलवायु परिवर्तन, भूकम्प, आगलागी तथा वातावरणीय प्रदूषणका कारण नेपालको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदामाथि चुनौती थपिँदै गएको उल्लेख गर्नुभयो। परम्परागत बस्ती, मठमन्दिर, पाटी, पोखरी तथा ऐतिहासिक संरचनाको संरक्षणका लागि स्पष्ट सरकारी नीति, पर्याप्त बजेट र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको अध्यक्ष अग्रवालले बताउनुभयो। उहाँले सांस्कृतिक सम्पदाको संरक्षण सरकारको मात्रै दायित्व नभई स्थानीय समुदाय, निजी क्षेत्र, शैक्षिक संस्था, नागरिक समाज र सम्बन्धित सरोकार भएका सबैको साझा जिम्मेवारी भएको उल्लेख गर्नुभयो। संरक्षण अभियानलाई प्रभावकारी बनाउन विद्यालय तथा विश्व विद्यालयको पाठ्यक्रममा स्थानीय इतिहास, कला, संस्कृति र सम्पदा सम्बन्धी विषय समावेश गर्नुपर्नेमा अध्यक्ष अग्रवालले जोड दिनुभयो।

पाल्पामा तेस्रो हेरिटेज राइड हुँदै, दुई सय साइकल यात्री सहभागी हुने

पाल्पा । पाल्पाका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको प्रचारप्रसार गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले दुईदिने 'हेरिटेज राइड (सम्पदा यात्रा)' आयोजना हुने भएको छ ।

पाल्पा साइकलिङ सङ्घको आयोजनामा आगामी मङ्सिर ५ र ६ गते तेस्रो संस्करणको सम्पदा यात्रा हुन लागेको हो । विश्व साइकल यात्री तथा सगरमाथा आरोही पुस्कर शाहको विशेष उपस्थितिमा साइकल यात्रा हुने आयोजकले जनाएको छ। यात्रामा जिल्लाका ऐतिहासिक धार्मिक, पर्यटकीयस्थलको परिक्रमा गरिनेछ। सङ्घले सोमबार तानसेनमा पत्रकार सम्मेलन गरी कार्यक्रमबारे जानकारी दिएको हो। सङ्घका अध्यक्ष रुपेश महर्जनले धार्मिक तथा पर्यटकीय क्षेत्रलाई जोडेर साइकल यात्रा गर्न लागिएको बताउनुभयो । उहाँले यो कार्यक्रम पाल्पा साइक्लिङ सङ्घको मात्र नभएर आमपाल्पालीको हितमा हुन लागेकाले प्रचार-प्रसारमा सहयोग गरिदिन जिल्लाका पत्रकार लाई आग्रह गर्नुभयो ।

सङ्घका महासचिव विज्ञान बज्राचार्यले पाल्पाका ओझेलमा परेका पर्यटकीय तथा ऐतिहासिक गन्तव्य लाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिनाउने अभियानका रूपमा सम्पदा यात्रा आयोजना गर्न लागिएको समेत बताउनुभयो । उहाँका अनुसार पहिलो दिन मङ्सिर ५ गते बिहान ६:३० बजे तानसेन नगरपालिकाको टुँडिखेलबाट यात्रा सुरु हुनेछ ।

तानसेनको नारायण टोल, असन टोल, तानसेन दरबार र भगवती मन्दिर हुँदै आर्य भञ्ज्याङ, चिदिपानी, हुमिन तथा पूर्वखोला गाउँपालिकाका पर्यटकीय क्षेत्रको अवलोकन गर्दै साइकल यात्री निस्दी गाउँपालिकास्थित अमरिसो बगानका उलेडाँडा पुग्नेछन्। दोस्रो दिन मङ्सिर ६ गते बिहानका उलेडाँडाको पर्यटकीय क्षेत्र अवलोकन गरेपछि कीर्तिपुर हुँदै रामपुर नगरपालिकासम्म यात्रा गरिनेछ। रामपुरमा दिउँसो ४:०० बजे कार्यक्रम समापन हुने आयोजकले जनाएको छ ।

यस वर्षको हेरिटेज राइडमा मेचीदेखि महाकालीसम्मका करिब २०० जना साइकल यात्री सहभागी हुनेछन्। यात्रामा ११ जना महिला र १८९ जना पुरुष गरी २०० जनाले सहभागिता जनाउँनेछन्। सहभागी साइकल यात्रीको उमेर १६ देखि ६१ वर्षसम्म रहेको छ ।

सञ्चालनका लागि करिब रु १५ लाख खर्च हुने आयोजकले जनाएको छ । सम्पदा यात्राको पहिलो संस्करण २०७९ मातानसेन र पश्चिम पाल्पाका सम्पदालाई समेटेर आयोजना गरिएको थियो । दोस्रो संस्करण २०८२ मा 'सम्पदा यात्रा' मूल नारासहित तानसेन दरबारदेखि रामनी हल दरबारसम्म प्रतिस्पर्धात्मक साइकल यात्रा सञ्चालन गरिएको थियो ।

यसपटक तेस्रो संस्करणमा तानसेनदेखि पूर्वी पाल्पाका पर्यटकीय तथा ऐतिहासिक गन्तव्यलाई प्राथमिकतामा राखिएको आयोजकले जनाएको छ । तानसेन, रम्भा, पूर्वखोला, निस्दी र रामपुरका सांस्कृतिक, धार्मिक तथा प्राकृतिक आकर्षणलाई उजागर गर्ने यात्राले स्थानीय समुदायका लागि आर्थिक अवसर सिर्जना गर्नुका साथै साइकलमार्फत स्वस्थ र दिगो जीवनशैली प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ ।

पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासङ्घ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सिनाले पाल्पाका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदालाई देशविदेशमा चिनाउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । पर्यटनको सम्भावना बोकेर ओझेलमा परेका गन्तव्यको प्रचारप्रसारमा सम्पदा यात्राले सहयोग पुर्याउने उहाँको भनाइ छ ।

पार्क बनाउन देउसीभैलो, साढे तीन लाख संकलन

दमौली (तनहुँ) । नेपालको राष्ट्रिय झण्डासहितको विशाल पार्क निर्माणका लागि तनहुँमा देउसीभैलो अभियान सञ्चालन गरिएको छ ।

बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा निर्माणाधीन झण्डा पार्कलाई पूर्णता दिन आवश्यक रकम जुटाउने उद्देश्यले स्थानीयवासीले देउसीभैलो अभियान सुरु गरेका हुन्।

अभियानअन्तर्गत बन्दीपुरका विभिन्न ठाउँमा सञ्चालित देउसी-भैलोबाट रु तीन लाख ५० हजारभन्दा बढी रकम सङ्कलन भएको छ। राष्ट्रिय झण्डाको महत्व र पार्क निर्माणको उद्देश्यलाई प्रचार गर्दै स्थानीयवासी बजारका विभिन्न स्थानमा पुगेर सहयोग सङ्कलनमा जुटेका छन् । झण्डा पार्क निर्माण समितिका सचिव टीकाराम गिरीले जिल्लाका विभिन्न ठाउँमा पुगेर देउसीभैलो सञ्चालन गरिने जानकारी दिनुभयो । सो अभियानअन्तर्गत सोमबार तनहुँको सदरमुकाम दमौलीमा झण्डा प्रदर्शनसहित देउसीभैलो खेलिएको छ । निर्माण समितिका संयोजक शेरबहादुर रानाका अनुसार पार्क निर्माणका लागि आवश्यक स्रोत जुटाउन देउसीभैलो अभियान सञ्चालन गरिएको हो ।

बन्दीपुर-१ तल्लोटारमा निर्माण भइरहेको पार्कमा विशाल राष्ट्रिय झण्डा राख्ने योजना छ । पार्कमा ६७ फिट अग्लो झण्डाको स्तम्भ निर्माण गरी ४५ फिट लम्बाइ र ३० फिट चौडाइको राष्ट्रिय झण्डा फहराउने लक्ष्य राखिएको छ। राष्ट्रिय गौरव र पहिचानसँग जोडिएको यस योजनालाई स्थानीयवासीले सामूहिक अभियानका रूपमा अघि बढाएका छन् । पार्क निर्माणका क्रममा हालसम्म रु १५ लाखभन्दा बढीको काम श्रमदान बाट सम्पन्न भइसकेको संयोजक रानाले जानकारी दिनुभयो । स्थानीयवासीको सक्रिय सहभागिता र सामूहिक श्रमबाट निर्माणको काम अघि बढाइएको हो । आर्थिक स्रोतको अभावका बाबजुद स्थानीयको उत्साह र सहयोगले पार्क निर्माणलाई निरन्तरता दिइएको छ ।

पृथ्वीराजमार्ग नजिकै पार्क निर्माण भइरहेको हुँदा यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने अपेक्षा गरिएको छ। पोखरा र काठमाडौं आवतजावत गर्ने यात्रु तथा पर्यटकले सहजै अवलोकन गर्न सक्ने स्थानमा पार्क बन्ने भएकाले यसले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

पार्क निर्माण सम्पन्न भएपछि स्थानीय बासिन्दासँगै बन्दीपुर घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि पनि यो आकर्षणको केन्द्र बन्न सक्नेछ। विशेषगरी पृथ्वीराजमार्ग भएर यात्रा गर्ने पर्यटकलाई केही समय रोकिएर अवलोकन गर्न मिल्ने स्थलका रूपमा विकास गर्ने योजना छ ।

बिद्यमा पनि भक्तपुरका अस्पतालमा सेवा सञ्चालन

भक्तपुर । सार्वजनिक बिदाका दिन पनि आज भक्तपुरका केही सरकारी अस्पतालले नियमित रूपमा स्वास्थ्य सेवा दिइरहेका छन् । शनिबार तथा सार्वजनिक बिदाका दिन अधिकांश स्वास्थ्य संस्थामा नियमित सेवा बन्द रहने गरेकामा भक्तपुरका केही अस्पतालले बिरामीको सहजताका लागि सेवा सञ्चालन गरिएको जनाएका छन् ।

भक्तपुर नगरपालिका-१ दूधपाटीस्थित भक्तपुर क्यान्सर अस्पताल र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले आज सार्वजनिक बिदाका दिन पनि बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरेका हुन्। साथै भक्तपुर नगरपालिका-९ स्थित ख्वप: अस्पतालले भने नियमित रूपमा शनिबार र अन्य सार्वजनिक बिदाका दिनमा पनि सेवा दिँदै आएको छ । सोमबार देशभर सार्वजनिक बिदा भए पनि यी तीनवटै अस्पतालले बिरामीको उपचारलाई निरन्तरता दिएका हुन् ।

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका सूचना अधिकारी हरिहर पोखरेलले बिरामीको स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर सार्वजनिक बिदाका दिन पनि अस्पतालले आवश्यक सेवा सञ्चालन गरेको बताउनुभयो ।

विशेष गरी कलेजो तथा मिर्गौंला प्रत्यारोपण गरेका र प्रत्यारोपणको तयारीमा रहेका बिरामीलाई नियमित औषधि सेवन, परीक्षण तथा चिकित्सकीय परामर्श आवश्यक पर्ने भएकाले बिदाका दिन पनि सेवा उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो ।

पासो थापेर वन्यजन्तुको चोरीसिकार

गण्डकी । अन्नपूर्ण संरक्षण क्षेत्रमा पासो थापेर वन्यजन्तु र पक्षीको अवैध चोरीसिकार हुने गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले बर्सेनि ठूलो सङ्ख्यामा त्यस्ता पासो नियन्त्रणमा लिई हटाउने गरे पनि वन्यजन्तुको चोरीसिकार रोकिएको छैन । आयोजना कार्यालयको आँकडा अनुसार गत आव २०८२/८३ मा मात्र संरक्षण क्षेत्रभित्रबाट ३४३ पासो हटाइएको थियो । आव २०८१/८२ मा १७३ र आव २०८०/८१ मा ९८ पासो हटाइएको थियो ।

सबैभन्दा बढी दसैँतिहारका बेला र चैत-वैशाखको याममा पासो थाप्ने प्रवृत्ति बढी देखिने गरेको आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो । "चोरी-सिकारका नियन्त्रणका लागि वनगस्ती गर्दा पासो धेरै भेटिने गरेको छ", उहाँले भन्नुभयो, "कस्तुरीमृग, हिमाली कालो भालु, डाँफे, मुनाल आदि सिकारका लागि पासो थाप्ने गरेको पाइएको छ ।"

कतिपय वन्यजन्तुलाई पासोमा परेर मरेको अवस्थामा उद्धार गर्ने गरिएको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । वन्यजन्तुको चोरीसिकार नियन्त्रण का लागि समुदायस्तरमा सचेतना अभिवृद्धि र संरक्षण गतिविधि सञ्चालन गर्दै आए पनि चोरीसिकार नियन्त्रणमा चुनौती कायमै रहेको उहाँको भनाइ छ ।

कस्तुरीमृगको वीणा, भालुको पित्त र चितुवाको छालाका लागि सिकार गर्न मानिसहरू लालायित हुने गरेको उहाँको भनाइ छ । वन्यजन्तुको सिकार भएका घटना भेटिने गरे पनि पछिल्लो समय यहाँबाट अन्यत्र वन्यजन्तुको तस्करी भने गरेको नपाइएको उहाँले बताउनुभयो ।

कतिपय ठाउँमा बालीनाली जोगाउन र वन्यजन्तुको मासु उपभोगका लागि पनि सिकार गर्ने चलन रहेको छ । चोरीसिकारले दुर्लभ वन्यजन्तुको अस्तित्वसमेत सङ्कटमा पर्ने जोखिम रहेको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । "वन्यजन्तुको चोरीसिकार नियन्त्रणका लागि वनगस्ती बढाउने, सिसी क्यामेरा जडान, ड्रोनबाट निगरानी गर्ने जस्ता क्रियाकलापलाई बढाइएको छ", उहाँले भन्नुभयो, "स्थानीयवासी र समुदाय स्वयं पनि संरक्षण अभियानमा संवेदनशील र जिम्मेवार भएर लाग्नुपर्छ ।"

उहाँका अनुसार गत वर्ष कस्तुरीमृग, घोरल, निरबिरालोसहित चार वन्यजन्तुको अवैध सिकार गरिएको थियो । त्यस्तै आव २०८१/८२ मा नौ र २०८०/८१ मा १२ वन्यजन्तुको चोरीसिकार गरिएको थियो । चोरीसिकारबाहेक छाडा कुकुरको आक्रामण, सवारी साधनको ठक्करलगायत कारणले पनि यस क्षेत्रमा वन्यजन्तु मर्ने गरेका छन् । छाडा कुकुरले कस्तुरीमृग, नाउरलगायतका वन्यजन्तुलाई आक्रमण गरी सिकार गर्ने गरेको छ। छाडा कुकुर नियन्त्रण तथा व्यवस्थापनको प्रयास भएपनि वन्यजन्तुमाथि छाडा कुकुरको आक्रमण नरोकिएको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। उहाँका अनुसार छाडा कुकुरको आक्रमणबाट पछिल्ला तीन आवमा १२ वटा वन्यजन्तु मरेका थिए । छाडा कुकुर नियन्त्रणका लागि आयोजना कार्यालयले बर्सेनि कुकुरको बन्ध्याकरण गर्दै आएको छ ।

कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडामा समेटिएको अन्नपूर्ण संरक्षण क्षेत्र जैविक विविधताका दृष्टिले महत्वपूर्ण मानिन्छ । यस क्षेत्र हिउँचितुवा, कस्तुरीमृग, नाउर, हिमाली थारजस्ता जनावर र हिमाली वनस्पतिका लागि प्रख्यात छ। यहाँ विभिन्न प्रकारका स्तनधारी वन्यजन्तु, दुर्लभ पक्षी तथा सरिसृपहरू पाइन्छन् ।

नागरिकको स्वास्थ्य सेवाप्रति प्रदेश सरकार गम्भीर : पाण्डे

लमजुङ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नागरिकको स्वास्थ्य सेवाप्रति प्रदेश सरकार गम्भीर रहेको बताउनु भएको छ । सोमबार लमजुङको बेँसीसहर नगरपालिका-८ स्थित प्रदेश अस्पतालको चौथो वार्षिक उत्सव समारोहलाई सम्बोधन गर्दै उहाँले नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेश सरकारले अस्पताल को स्तरोन्नति, जनशक्ति व्यव-स्थापन र सेवा विस्तारलाई प्राथमिकता दिएको बताउनुभयो । मुख्यमन्त्री पाण्डेका अनुसार प्रदेश सरकारले विभिन्न जिल्लामा रहेका १४ वटा अस्पतालको स्तरोन्नति गरिरहेको छ। प्रदेशका अस्पतालमा उपलब्ध शैया सङ्ख्या पहिलेको २५० बाट बढाएर हाल ८५० पुर्याइएको जनाउँदै उहाँले सोहीअनुसार स्वास्थ्यकर्मी तथा अन्य जनशक्ति पनि थप गर्दै लगिएको उहाँले बताउनुभयो। आवश्यकता अनुसार करारमा कर्मचारी नियुक्त गरी सेवा विस्तार भइरहेको उल्लेख गर्दै उहाँले पहिलेको तुलनामा अहिले धेरै नागरिकले स्वास्थ्य सेवा प्राप्त गरिरहेको बताउनुभयो ।

प्रदेश अस्पताल बेँसीसहरले धेरै नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिरहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले अस्पतालमा सिटी स्क्यान सेवा आवश्यक रहेको उल्लेख गर्नुभयो ।

सिटी स्क्यान लगायत अत्याधुनिक स्वास्थ्य उपकरण उपलब्ध गराउने विषयमा प्रदेश सरकारले ध्यान दिने उहाँको भनाइ छ। आगामी बजेटमा सिटी स्क्यान सेवा विस्तारका लागि प्राथमिकता निर्धारण गर्दा लमजुङ अस्पताल अग्रपङ्क्तिमा राखिने मुख्यमन्त्री पाण्डेले प्रतिबद्धता जनाउनुभयो ।

आगामी एक वर्षभित्र प्रदेश सरकारले पुनः बजेट निर्माण गर्ने अवसर पाउने भएकाले सो समयमा अस्पतालको आवश्यकता र नागरिकको चापलाई ध्यानमा राखेर आवश्यक बजेट व्यवस्थापनका लागि पहल गरिने बताउनुभयो ।

प्रदेशमा डायलाइसिस सेवा लिन प्रतीक्षामा रहेका ८२१ जनाको सङ्ख्यालाई शून्यमा झार्ने लक्ष्यसहित प्रदेश सरकारले काम गरिरहेको उहाँले बताउनुभयो ।

मिर्गौंलाका बिरामीले समयमै उपचार सेवा पाउने व्यवस्था मिलाउन डायलाइसिस सेवा विस्तारलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ थियो ।

स्वास्थ्य सेवाको पहुँच सहरी तथा सदरमुकाम क्षेत्रमा मात्र सीमित नराखी ग्रामीण क्षेत्रका नागरिकसम्म पुर्याउने प्रदेश सरकारको योजना रहेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो ।

करारमा नियुक्त स्वास्थ्य कर्मीलाई आवश्यकता अनुसार दुर्गम तथा ग्रामीण क्षेत्रमा परिचालन गरी गाउँगाउँका नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउने प्रयास भइरहेको उहाँले उल्लेख गर्नुभयो । प्रदेशको सीमित बजेट र न्यून आन्तरिक आम्दानीका कारण अपेक्षाअनुसार विकास निर्माण तथा स्वास्थ्य क्षेत्रको स्तरोन्नति गर्न कठिनाइ भइरहेको मुख्यमन्त्री पाण्डेको भनाइ थियो ।

प्रदेशको विकासका लागि ठूलो बजेट आवश्यक पर्ने भए पनि कर तथा अन्य स्रोतबाट अपेक्षित आम्दानी सङ्कलन हुन नसक्दा विकासका काममा चुनौती देखिएको उहाँले बताउनुभयो ।

उहाँले गण्डकी प्रदेशका लमजुङ, दमौली र स्याङ्जाका अस्पतालमा भवन निर्माण तथा स्तरोन्नति गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

यी तीन वटै अस्पतालको भवन निर्माणका लागि करिब रु दुई अर्ब रकम आवश्यक पर्ने भए पनि प्रदेश सरकारले एकै पटक उक्त बजेट विनियोजन गर्न नसक्ने मुख्यमन्त्री पाण्डेको भनाइ छ । लमजुङ अस्पतालको भवन निर्माणका लागि गत वर्ष रु ६९ करोडको योजना अघि सारिएको भन्दै विभिन्न कारणले बजेट विनियोजन हुन नसकेको उहाँले जानकारी दिनुभयो। चालु अवस्थामा कूल योजनाको २० प्रतिशत रकम विनियोजन गर्ने प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले स्थानीय तहमा अस्पताल निर्माण तथा सञ्चालन गरेर नागरिकलाई थप स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले आगामी दिनमा स्वास्थ्य सेवालाई थप प्रभावकारी र पहुँचयोग्य बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com